# लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बडाचौर, रोल्पा

पत्र संख्याः २०८१/०८२
चलानी नम्बरः ४८२

लुम्बिनी प्रदेश, नेपाल ।

मितिः२०८१/०७/२३

श्री वडा कार्यालय(सबै),
लुङ्ग्री गाउँपालिका, बडाचौर, रोल्पा।

विषयः उपभोक्ता समिति गठन सम्बन्धमा।

प्रस्तुत विषयमा यस लुङ्ग्री गाउँपालिकाको आ.व.२०८१/०८२ का लागि स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अनुसार उपभोक्ता समिति मार्फत संचालन हुने योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि मिति २०८१/०६/१८ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयानुसार मिति २०८१/०८/२० गतेसम्ममा उपभोक्ता समिति गठन गरी सक्नु पर्ने भएकोले *लुङ्ग्री गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७९* बमोजिम उपभोक्ता समिति गठन गरी २०८१ मंसिर २० सम्ममा यस कार्यालयमा पठाउनुहुन अनुरोध गरिन्छ। साथै उल्लेखित समय सिमाभित्र उपभोक्ता समिति गठन नभएमा यस पश्चात् उपभोक्ता समितिका पदाधिकारीहरुलाई हुने अभिमुखिकरण तालिममा समेत पदाधिकारीहरु छुट्न गई योजनाको प्रभावकारी कार्यान्वयनमा समेत समस्या हुने भएकोले तपसिलमा उल्लेखित शर्तहरुमा रहि उपभोक्ता समिति गठन गर्नुहुन जानकारी गराईन्छ। सो समयावधि भित्र उपभोक्ता समिति गठन हुन नसकेमा योजना तथा कार्यक्रमहरु प्रचलित कानून बमोजिम अन्य खरिद प्रक्रिया मार्फत कार्यान्वयन गरिनेछ। ।

तपसिलः

उपभोक्ता समिति गठनका शर्तहरु

१. उपभोक्ता समितिका सदस्य तथा पदाधिकारीमा जनप्रतिनिधि,बहालवाला सरकारी कर्मचारी र शिक्षक, निर्माण व्यवसायी, सरकारी बाँकी बक्यौता /बेरुजु वा पेश्की फछ्यौंट नगरेका व्यक्तिहरु र राजनितिक दलका पदाधिकारीहरु तथा १८ वर्ष पुरा नभएका, अन्य उपभोक्ता समितिमा सदस्य रहेका, सम्बन्धित आयोजना स्थल बाहिरको व्यक्तिहरु सहभागी हुन पाइने छैन।

२.उपभोक्ता समिति गठन आयोजना स्थलमा भेला भई गर्नु पर्नेछ र उक्त भेलाको फोटो अनिवार्य सुरक्षित गर्ने।

३.समावेशी सिद्धान्तको अबलम्बन गरी गठित समितिहरुको पदमा कम्तिमा ३३% महिला सहभागीता हुनु पर्नेछ। उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा १ पदमा महिला पदाधिकारी हुनु पर्नेछ।

४.उपभोक्ता समितिमा प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको भेलाबाट कम्तिमा ७ देखि बढीमा ११ जना सम्मको उपभोक्ता समिति स्थानीय तहको पदाधिकारी र कर्मचारीको रोहवरमा गठन गर्नु पर्नेछ।

५. उपभोक्ता समिति अन्तर्गत रहेको अनुगमन समितिमा प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको भेलाबाट १ जना महिला सहित ३ सदस्यीय एक अनुगमन समिति गठन गर्नु पर्नेछ।

६. एक व्यक्ति एक भन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन। साथै एकाघरका संगोलका व्यक्तिहरुबाट एउटै उपभोक्ता समितिमा बस्ने पाइने छैन।

*नोटः हेभी इक्कुपमेन्ट प्रयोग हुने तथा प्रदेश सरकारबाट हस्तान्तरित आयोजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने छैन। उपभोक्ता समिति गठन देखि भुक्तानी सम्मका सम्पूर्ण प्रक्रियाहरु योजना पुस्तिका बमोजिम गर्नु हुन्।*

(चक्र बहादुर घर्ती)
प्रमुख प्रशासकीय अधिकृत